ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE 15.05.2024

**एसएसडिएमए मिटिङ**

सिक्किम राज्य आपता प्रबन्धन प्राधिकरणले आपदा प्रबन्धनका नोडल अधिकारीहरूसित वर्षा याम पूर्वको तयारीबारे चर्चा गर्ने गान्तोकमा आज एउटा बैठक आयोजन गर्यो। यसको अध्यक्षता गर्दै प्राधिकरणका विशेष सचिव तथा निदेशक श्री प्रभाकर राईले आपदाको समयमा व्यवस्थित रूपमा कामकाज भएको सुनिश्चित गर्न नोडल अधिकारीहरूवीच समन्वय बढाउनुपर्ने आवश्यकता रहेको कुरो बताउनुभयो। विभिन्न विभागहरूद्वारा उठाइएका मामिलहरूको समाधान गर्दै उहाँले विभागको रणनीति तथा पहलहरूबारे प्रकाश पार्नुभयो।

**मोबाइल फोन रेस्ट्रिक्सन**

भारतको निर्वाचन आयोगको निर्देश अनुसार विधानसभा र लोकसभा चुनाउको मतगणनाको समयमा कसैले पनि मतगणना हलमा मोबाइल फोन , आई पेड, ल्यापटप पा अन्य इलेक्ट्रोनिक उपकरण लैजान पाउनेछैनन्। चुनाउ आयोजको निर्देशको उल्लेख गर्दै मुख्य निर्वाचन अधिकारी सिक्किम कार्यालयद्वारा सूचना तथा जनसम्पर्क विभागका सचिवलाई आज पठाइएको पत्रमा के भनिएको छ भने मीडिया कर्मीहरूलाई मतगणना हलमा पस्दा मोबाइल फोन, आई पेड, ल्यापटप वा अन्य इलेक्ट्रोनिक उपकरण लिएर जाने अनुमति दिइने छैन।

गणना हलबाट उपयुक्त दूरीमा मतगणना परिसरमा मीडिया केन्दर खड़ा गरिनेछ। त्यस केन्द्रमा उनीहरूले आफ्नो मोबाइल फोन र इलेक्ट्रोनिक उपकरण राख्न सक्नेछन्। भारतको निर्वाचन आयोगले जारी गरेको मीडिया पास हुने पत्रकारहरूले स्ट्यान्ड बिनाको हातमा बोक्ने क्यामेरा गणना हलमा लैजान पाउनेछन्। तथापि मतगणना प्रक्रियाको दृश्य श्रव्य अर्थात अडियो भिजुअल कभरेज गर्दा व्यक्तिगत सियू \ भिभिपेट वा मतपत्रको वास्तविक भोटको फोटो खिच्नु पाइनेछैन। यहाँहरूलाई थाहै होला राज्य विधानसभा क्षेत्रहरूको मतगणना दुई जुनका दिन हुनेछ भने लोकसभा सीटका लागि भोट गन्ती चार जूनका दिन गरिनेछ।

**पोस्टल बेल्लट मंगन**

मंगन जिल्ला प्रशासनिक केन्द्रलाई आज काबी लुङचोक जंगु र लाचेन मंगनका सेवा मतदाताहरूका छब्बीस वटा डाक मतपत्रहरू प्राप्त भए। यी डाक मतपत्रहरूलाई छुट्याएर स्ट्रङ रूममा राखिएको छ। यस अवसरमा राजनीतिक पार्टीहरूका प्रतिनिधिहरू पनि उपस्थित थिए। नाम्ची जिल्लामा पनि इलेक्ट्रोनिक डाक मतपत्र प्रणाली ईटिपिबिएस अन्तर्गत सेवा मतदाताहरूको एक्काइसवटा डाक मतपत्रहरू जिल्ला निर्वाचन अधिकारी र नोडल अधिकारीलाई हस्तान्तरण गरियो। जिल्लालाई अहिलेसम्म जम्मा तीनसय अड़सठीवटा डाक मतपत्रहरू प्राप्त भएका छन्।

**काउन्टिङ ट्रेनिङ गेजिङ**

गेजिङ जिल्लामा आजदेखि मतगणना प्रक्रिया सम्वन्धमा सूक्ष्म पर्यावेक्षकहरूका लागि पहिलो चरणको प्रशिक्षण आरम्भ भएको छ। क्योङसा जिल्ला भवनमा आयोजित पहिलो प्रशिक्षणमा मतगणना र चुनाउ परिणामसित सम्वन्धित मुख्य कानुनी प्रावधानहरू पक्षहरू इलेक्ट्रोनिक भोटिङ

मशिन र डाक मतपत्रहरूको गणना, भिभिपेट पर्ची गणना र परिणामको घोषणा जस्ता विषयहरूवारे अवगत गराइयो।
आज केन्द्र सरकारका ब्याङकहरू र विभिन्न सार्वजनिक क्षेत्र प्रतिष्ठाहरूबाट चौंसठीजना सूक्ष्म पर्यवेक्षकहरू सहभागी बने।

## काउन्टिङ ट्रेनिङ पाक्योङ

पाकिम जिल्लाका मतगणना पर्यवेक्षणकर्ता, गणना सहायक र सूक्षम पर्यवेक्षकहरूका लागि दोस्रो दिनको प्रशिक्षण पाकिम रर्बन परिसरमा आज सम्पन्न भयो। यसमा जम्मा एक सय सातजना सहभागीहरूलाई उनीहरूको भूमिका र जिम्मेवारीको अवगत गराइयो। जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री टाशी छोपेलले मतगणनाको व्यवस्थाको जानकारी दिनुभयो।

## काउन्टिङ ट्रेनिङ सोरेङ

सोरेङ  जिल्लाका गणना पर्यवेक्षणकर्ता, गणना सहायक र सूक्ष्म पर्यवेक्षकहरूलाओओई आज दिइएको दोस्रो चरणको प्रशिक्षणमा उन्साठी जना सूक्ष्म पर्यवेक्षकहरू उपस्थित थिए। यसमा बोल्दै जिल्लाधीश श्री यिस्से डी योङडाले त्रुटिरहित मतगणना सुनिश्चित गर्नुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

## काउन्टिङ ट्रेनिङ मंगन

मंगन जिल्लामा आज प्रशिक्षणको दोस्रो दिन ब्यालिसजना सूक्ष्म पर्यवेक्षकहरूले पहिलो चरणको प्रशिक्षण पूरा गरे। दोस्रो चरणको प्रशिक्षण एक्काइस र बाइस मईमा अनि तेस्रो चरणको प्रशिक्षण उन्तीस मईमा आयोजन गरिनेछ।

## ट्रेनिङ  प्रोग्राम एकादमी

सिक्किम एकाडमीले आफ्नो एउटा अद्वितीय पहल अन्तर्गत केही पुराना नेपाली लोक गीतहरूको संरक्षण तथा सम्वर्द्धन गर्न प्रशिक्षण कार्यक्रम आयोजन गर्ने भएको छ। हाम्रो मौलिकता, हाम्रो अस्तितिव विषयमाथि पाँच दिवसीय प्रशिक्षण आँउदो शनिबार अठार मई देखि गान्तोकको मनन केन्द्रको मिनि थिएटरमा आयोजित हुनेछ। यसमा संगीत अकाडमी पुरस्कारले अलकृत ख्यातिप्राप्त लोक कलाकार श्री नरेन गूरूङ श्रोतवक्ता रहनु हुनेछ।

गान्तोकमा आज एउटा पत्रकार सम्मेलनलाई सम्वोधन गर्दै सिक्किम एकाडमीका अध्यक्ष श्री एस आर सुब्बाले भन्नुभयो सिक्किम एकाडमीले संस्कति र परम्परालाई युवा पिढीसम्म पुर्याएर सदैव यसको सुरक्षा संरक्षण र सम्वर्द्धन गर्ने कार्य गरेको छ विशेष गरी विद्यार्थीहरू र इच्छुक व्यक्तिहरूका लागि आयोजित हुने प्रशिक्षण कार्यक्रम निशुल्क रहनेछ।

## होम मिनिस्टर

केन्द्रीय गृह मन्त्रालयले नागरिकहरूसित सरकारी अधिकारीको रूपमा साइबर अपराधीहरूद्वारा ब्लैकमेलिङ र डिजिटल अरेस्टको धमकी दिनेहरूबाट सतर्क रहनु भनेको छ। दूरसंचार विभागले सरकारी अधिकारीहरूको छद्म रूप धारण गरेर मानिसहरूलाई ठग्ने विदेशी मोबाइल तम्वरहरूबहाट वाटसेप कल बारेमा पनि परामर्श जारी गरेको छ। मानिसहरूलाई साइबर अपराध हेल्पलाइन नम्बर 1930 मा यस्ता घटनाहरू बारे रिपोर्ट गर्नु पनि भनिएको छ।